# वैठक-९

आज मिति २०७९/०४/३१ गते यस सरावल गाउपालिका गाउँकार्यपालिकाको वैठक गा.पा अध्यक्ष सुखाडी प्रसाद चौधरीको अध्यक्षता तथा तपशिल वमोजिमको उपस्थितिमा देहायका प्रस्तावउपर छलफल गरि निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | सुखाडी प्रसाद चौधरी थारु | अध्यक्ष | |
| २. | बासमति चमार | उपाध्यक्ष | |
| ३. | विष्णु प्रसाद भट्टराई | सदस्य | |
| ४. | शम्भु प्रसाद चौधरी | सदस्य | |
| ५. | फिरंगी चौधरी | सदस्य | |
| ६. | सुरेश प्रसाद यादव | सदस्य | |
| ७. | लक्ष्मण प्रसाद चौधरी | सदस्य | |
| ८. | छोटेलाल गुप्ता | सदस्य | |
| ९. | हेयात खाँ धुनिया | सदस्य | |
| १०. | उर्मिला कुमारी थारु | सदस्य | |
| ११. | कौशिल्या देवी चमार | सदस्य | |
| १२. | ज्ञान्त्री कुमारी चौधरी | सदस्य | |
| १३. | नेमा चौधरी | सदस्य | |
| १४. | रामनिवास नाउँ | सदस्य | |
| १५. | रामानन्द चमार | सदस्य | |
| १६. | दुर्गा पौडेल | सदस्य सचिव | |
| १७. | नारायण पाण्डेय | लेखा अधिकृत | |
| १८. | राजन बस्याल | ना.सु | |
| १९. | मदन पाण्डेय | इन्जिनियर | |
| २०. | हेमन्त चौधरी | अ.स.ई. | |
| २१ | नरेश कोहार | ले.पा. | |

# प्रस्ताव एवं निर्णय

**प्रस्ताव नं. १ - गत वैठक समिक्षा सम्वन्धमा**

निर्णय नं. १ – प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको हालसम्म भएको वैठकको निर्णय र सोको कार्यान्वयन अवस्था सम्वन्धमा वैठकमा जानकारी गराईयो एवं सोको समिक्षा गरियो ।

**प्रस्ताव नं. २ - जग्गा वर्गिकरण सम्वन्धमा**

निर्णय नं. २ – प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सरावल गाउपालिकाभित्रको सम्पुर्ण जग्गाहरुको भुउपयोग ऐन-२०७६ र भुउपयोग नियमावली-२०७९ को मापदण्डअनुरुप वर्गिकरण गर्नका निमित्त प्रत्येक वडामा सरोकारवालाहरु संग छलफल गरी वडा समितिको निर्णयसहित मिति २०७९/०५/०८ गतेभित्र यस कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ – भुमीसम्वन्धी समस्या समाधान आयोग संग सम्झौता तथा लगत संकलन सम्वन्धमा**

निर्णय नं. ३ – प्रस्तावउपर छलफल गर्दा यस सरावल गाउँपालिकाको भुमीसम्वन्धी समस्या समाधात गर्न तथा भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासी समस्या सामाधान गर्नका निमित्त नियमानुसार भुमिसम्वन्धी समस्या समाधान आयोग संग सम्झौता गर्ने तथा सोको आधार र मापदण्ड अनुरुप लगत संकलन लगायतका प्रकृया सुरु गर्ने निर्णय गरियो।

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सुरबाडी प्रसाद चौधरी थारु
अध्यक्ष

**प्रस्ताव नं. ४ - सरावल गाउँपालिकाको आ.व २०७९/०८० को दररेट स्विकृत गर्ने सम्वन्धमा**

**निर्णय नं. ४ –** प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस कार्यालयको लागी आ.व २०७९/०८० को दररेट स्विकृत गर्न सम्वन्धमा जिल्ला प्रशासन कार्यालयवाट आ.व २०७९/०८० मा स्विकृत दररेट उपर वैठकमा छलफल गरियो। सोउपर छलफल गर्दा जिल्ला प्रशासन कार्यालयवाट स्विकृत भएको दररेट यस गाउपालिकाको लागी समेत स्विकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५ - मर्मत सम्भार कोष सञ्चालन कार्यविधी सम्वन्धमा**

**निर्णय नं. ५ –** प्रस्तावउपर छलफल गर्दा यस सरावल गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधी-२०७९ सम्वन्धमा वैठकमा पेश गरिएकमा उक्त कार्यविधी पेश भएअनुरुप स्विकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५ – योजनाको म्याद थप सम्वनधमा**

**निर्णय नं. ५ –** प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस सरावल गाउँपालिकावाट वन्दोवस्त भएको 'Gobrahiya Bhujahawa Sadak Kalopatre nirman, Sarawal 4-5, ठेक्का नं. 01/SRM/NCB/2078/79 ठेक्काको आवश्यक सम्पुर्ण प्रकृया पुर्याई २०७९ कार्तिक मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५ – विविध**

- किड्नी रोगीलाई डायलसिस सेन्टर स्थापना गर्नका निमित्त माग गर्ने।
- आई केयर सेन्टर स्थापना गर्नका निमित्त आवश्यक प्रकृया पुर्याई माग गर्ने।
- यस गाउपालिकाको सभाहल राजनितिक दल, संघ संस्था तथा कुनै सामाजिक गतिविधीका लागी भाडामा उपलव्ध गराउने तथा सोको व्यवस्थापन तथा सञ्चालनको

दुर्गा पाँडेल

लागी संघ संस्था तथा सामाजिक गतिविधी गर्नका निमित्त प्रतिदिन रु. २५०० र राजनितिक दलका कार्यक्रम सञ्चालन गर्नका निमित्त प्रतिदिन रु. ५००० राजश्व अशुल गर्ने निर्णय गरियो।

- यस गाउँपालिकाको फोहर व्यवस्थापन अन्तर्गतको फोहर संकलन गर्ने कार्य निरन्तर रुपमा सञ्चालन भईरहेकोमा मिति २०७९ असोज मसान्त सम्म आ.व २०७८/०७९ कै दररेटमा फोहर संकलन तथा व्यवस्थापन कार्य सञ्चालन गर्ने निर्णय गरियो ।
- यस गाउपालिकाभित्र रहेका सम्पुर्ण सार्वजनिक पोखरीहरुको तत्काल लगत संलकन कार्य अगाडी वढाउने तथा उक्त पोखरीमा माछ्चापालनको लागी नियमानुसार ठेक्का प्रकृया अगाडी वढाउने।

दुर्गा पाडेल
प्रमुख प्रशासकीय अधिकृत